## संवत् २०८१ साल साउन ४ गते बसेको कार्यपालिकाको पहिलो बैठकका निर्णयहरू:

बैठकका प्रस्तावहरू:

१. सहायक पाँचौ, कृषि सेवा (लापोडेडे) प.स्वा.प्रा. सम्बन्धमा ।

बैठकका निर्णयहरु:

१. सहायक पाँचौ, कृषि सेवा (लापोडेडे) प.स्वा.प्रा. सम्बन्धमाः लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय, रोल्पाको स्वीकृत दरबन्दी तेरिज अनुसार पशुपन्छी विकास शाखामा सहायक पाँचौ, कृषि सेवा (भेटेरिनरी/ला.पो.डे.डे) पदमा २ वटा दरबन्दी संख्या रहेकोमा प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, नेपालको प.स. २०८०/०८१, च.न.२९०, मितिः२०८०/०७/१४ गतेको पत्रबाट उम्मेदवारहरु सिफारिस भई उक्त दरबन्दीमा पदपूर्ति भईसकेको परिप्रेक्ष्यमा यस कार्यालयको च.न. ५५९, मितिः २०८०/१०/१० गते प्रदेश लोक सेवा आयोगमा पठाइएको रिक्त पदको विवरण सम्बन्धी पत्रको क्र.स. २१ मा "सहायक ४औ, कृषि सेवा (लापोडेडे, ना.प.स्वा.प्रा.)" हुनुपर्नेमा भूलवश यस कार्यालयको तर्फबाट "सहायक ५ औ (कृषि सेवा लापोडेडे)" भएको त्रुटिका कारण आयोगको विज्ञापन नं. ५३००३/२०८०-०८१ बाट यस कार्यालयमा सिफारिस हुन लाग्नु हुने सहायक पाँचौ, कृषि सेवा, (ला.पो.डे.डे) प.स्वा.प्रा. पदको उम्मेदवारलाई सिफारिस नगरिदिनुहुन भनी प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा अनुरोध गर्ने ।

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

निर्णय प्रमाणित गरिएको छ ।

भरत कुमार थापा
गा.पा.अध्यक्ष

लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थबाङ/ठाबाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था. २०७३